NEPALI

# भ्यागुतेरोग, धनुषटंकार तथा लहरेखोकीका खोपहरु

## तपाईले के थाहा पाउन आबश्यक छ

धेरै खोपका जानकारीको विवरणहरु स्यानिस तथा अरु भाषाहरुमा उपलब्द छन् । www.immunize.org/vis हेर्नुहोस् ।

## 1 खोप किन लिने ?

**भ्यागुतेरोग (डिपथेरिया), धनुष्टंकार (टिटानस) र लहरेखोकी (पर्टुसिस) व्याक्टेरियाबाट हुने गम्भीर खालका रोगहरु हुन् ।** भ्यागुतेरोग र लहरेखोकी व्यक्तिवाट व्यक्तिमा सर्दछन् । धनुषटंकार काटेको ठाउवाट वा घाउहरुवाट शरीरमा प्रवेश गर्दछ ।

**भ्यागुतेरोग** ले घाटीको पछाडि पट्टिको भागलाई वेस्सरी ढाकी दिन्छ ।

- यसवाट सास फेर्ने समस्या हुने, पक्षघात हुने, मुटुकोरोग हुने, तथा मृत्यु सम्म हुन सक्दछ ।

**धनुष्टंकार (वंगारा बाधिने)** रोगले मांसपेशीहरुलाई र अक्सर गरेर सम्पूर्ण शरीरलाई पीडादायक रुपमा ऐठन गराउदछ ।

- यसले तल र माथिको वंगारालाई "जोडि दिन्छ" जस्ले गर्दा पीडितले मुख खाल्न वा निल्न सक्दैन । धनुष्टंकार लागेका 10 वटा केसहरु मध्ये 2 वटाको मृत्यु हुने गर्दछ ।

**पर्टुसिस (लहरेखोकी)** लागेको वेला खोक्दा यति नराम्रो संग लामो खोकी लाग्ने गर्दछ कि त्यस वेला शिशुलाई खान, पिउन र सासफेर्न समस्या हुन्छ । यस्तो लामो खोकी हप्तौ सम्म लागीरहन सक्दछ ।

- यसवाट निमोनिया हुने, आघात (झस्कने र एकनासले टोलाएर हेर्ने) पुग्ने, दिमागलाई क्षति पुग्ने तथा मृत्यु सम्म हुने गर्दछ ।

**भ्यागुतेरोग, धनुषटंकार, लहरेखोकी का खोपहरु (DTaP) ले यी रोगहरु लाग्नबाट रोकथाम गर्दछन् ।** DTaP को खोप लगाएका अधिकांश केटाकेटीहरु वाल्यकालभरि नै सुरक्षित हुन्छन् । यदि हामीले खोप लगाउन वन्द गर्‍यौ भने अझ धेरै केटाकेटीहरुलाई यी रोगहरु लाग्दछन् ।

DTaP भनेको DTP को नयाँ सुरक्षित रुप हो । संयुक्त राज्यमा अचेल DTP लगाइदैन ।

## 2 DTaP को खोप कसले र कहिले लगाउनु पर्दछ ?

**केटाकेटीहरुले** DTaP को खोप 5 पटक (मात्रा) लगाउनु पर्दछ । तलको उमेरमा प्रत्येक पटक एक मात्रा लगाउनु पर्दछ :

✓ 2 महीना ✓ 4 महीना ✓ 6 महीना
✓ 15 देखि 18 महीनामा ✓ 4 देखि 6 बर्षमा

DTaP को खोप अरु खोप दिएको वेलामा पनि संगै दिन सकिन्छ ।

## 3 केही केटाकेटीहरुले DTaP को खोप लगाउनु हुदैन वा यो लगाउनका लागि पर्खनु पर्दछ

- सानोतिनो विमारी भएका केटाकेटीहरुलाई जस्तो रुगा लागेको वेलामा यो खोप लगाई दिनु हुन्छ । तर सामान्य खालले वा सिकिस्त रुपमाविरामी भएका केटाकेटीहरुलाई DTaP लगाई दिनका लागि पहिले उनीहरु निको नभए सम्म पर्खनु पर्दछ ।
- DTaP को एक मात्रा खोप लगाउदा एलर्जी भै ज्यानै जाने खालले प्रतिक्रिया भएमा त्यसतो केटाकेटीलाई अर्को मात्राको खोप लगाई दिनु हुदैन ।
- DTaP को एक मात्रा खोप लगाए पछि दिमाग वा स्नायुप्रणाली सम्वन्धी रोग 7 दिन भित्र कुनै केटाकेटीलाई भएमा उसलाई यस्को अर्को मात्रा लगाउनु हुदैन ।
- तपाईको केटाकेटीलाई तलको जस्तो भएमा आफ्नो चिकित्सक संग कुरा गर्नुहोस :
  - DTaP को खोपको मात्रा लिएपछि उसलाई आघात भएमा वा उ एकाएक लडेमा,
  - DTaP को खोपको मात्रा लिएपछि 3 घण्टा सम्म वा सो भन्दा वढी समय सम्म एकोहोरो रुपमा उ रोइरहेमा,
  - DTaP को खोपको मात्रा लिए पछि उसलाई 105 डिग्री फरेनहाइट भन्दा वढी ज्वरो आएमा ।

वढी जानकारी लिनका लागि आफ्नो स्वास्थ्य उपचार प्रदायकलाई सोध्नुहोस । यस्ता खालका केही केटाकेटीहरुलाई लहरेखोकीको खोपको अर्को मात्रा दिनुहुदैन, तर लहरेखोकीका लागि नभएको **DT** भनिने खोप भने उसलाई लगाई दिनुहुन्छ ।

## 4 हुर्केका केटाकेटी र वयस्क व्यक्तिहरु

7 वर्षको उमेर पुगेका वा सो भन्दा वढी उमेरका केटाकेटीहरु, किशोरकिशोरीहरु र वयस्कहरु व्यक्तिहरुलाई DTap को खोप लगाउनका लागि अनुमति हुदैन ।

तर पनि वयस्कहरुलाई पनि सुरक्षाको आवश्यकता पर्दछ । **Tdap** नाम गरेको खोप DTap जस्तै हो । 11 वर्ष देखि 64 वर्ष उमेर सम्मका व्यक्तिहरुलाई Tdap को एक मात्रा लगाउन सिफारिश गरिन्छ । **Td** भनिने अर्को खोपले धनुषटकार र भ्यागुतोग लाई रोकथाम गर्दछ तर यस्ले लहरेखोकीलाई रोकथाम गर्दैन । हरेक 10 वर्षमा यो खोप लगाउनका लागि सिफारिश गरिन्छ । यी खोपहरुका वारे जान्नका लागि खोप सम्वन्धी छुट्टै सूचना विवरणहरु उपलब्ध छन् ।

## 5 DTaP खोपवाट के के जोखिमहरु हुन्छन् ?

DTaP खोप लगाउदा हुने जोखिम भन्दा वढी जोखिम भ्यागुतेरोग, धनुष्टंकार वा लहरेखोकीको रोग लाग्दा हुन्छ ।

तथापि, अरु कुनै औषधिले जस्तै गरी यो खोपले पनि एलर्जी भै हुने कडा खालको प्रतिक्रियाहरु हुने जस्ता गम्भीर समस्याहरु निम्त्याउन सक्दछ । DTaP खोप लगाउदा गम्भीर खालको क्षति वा मृत्युको खतरा नगन्य मात्रामा हुन्छ ।

### हलका खालका समस्याहरु (सामान्य)

- ज्वरो आउने (4 जना वच्चामा करीव 1 जना सम्मलाई)
- सुई दिएको ठाउमा रातोहुने वा सुन्निने (4 जना वच्चामा करीव 1 जना सम्मलाई)
- सुइ दिएको ठाउमा दुख्ने वा नरम हुने (4 जना वच्चामा करीव 1 जना सम्मलाई)

पहिले लिइएका DTaP का मात्राहरुवाट भन्दा चौथो र पाँचौ पटक लिइएका मात्राहरुवाट यस्ता समस्याहरु आउने गर्दछन् । कहिले कहिले DTaP खोपको चौथो वा पाँचौ मात्रा लिए पछि सुइ लगाइएको हात वा खुट्टा सवै 1 देखि 7 दिन सम्म सुन्निने गर्दछ । (30 जना वच्चामा करीव 1 जना सम्मलाई) ।

**मामुली अरु समस्याहरु भित्र पर्दछन् :**

- छटपटी हुने (3 जना वच्चामा करीव 1 जना सम्मलाई)
- लल्याक लुलुक हुने वा भोक नलाग्ने (10 जना वच्चामा करीव 1 जना सम्मलाई)
- वान्ता आउने (50 जना वच्चामा करीव 1 जना सम्मलाई)

यस्ता समस्याहरु सामान्यतया सुइ लगाएको 1 देखि 3 दिन सम्ममा हुने गर्दछन् ।

### ठीकै खालका समस्याहरु (असामान्य)

- आघात (झस्कने र एकोहोरो हेर्ने) (14,000 जना वच्चाहरुमा करीव 1 जना सम्मलाई)
- 3 घण्टा वा वढी समय सम्म नथामिइकन रोइरहने (1,000 जना वच्चामा करीव 1 जना सम्मलाई)
- 105 डिग्री फरेनहाइट भन्दा वढी ज्वरो आउने (16,000 जना वच्चामा करीव 1 जना सम्मलाई)

### गम्भीर समस्याहरु (विरलै हुने)

- एलर्जी भै त्यसवाट गम्भीर खालको प्रतिक्रिया हुने (दश लाख मात्रा मध्ये 1 भन्दा पनि कम मात्रामा)
- DTaP खोप लगाए पछि उत्पन्न भएका अन्य धेरै समस्याहरुका वारेमा जाहेरी प्राप्त भएका छन् । यस्ता समस्याहरुमा परेका छन् :
  - दीर्घकालीन रुपको आघातहरु हुने, मूर्छापर्ने (कोमा) वा होसहवास कम हुने
  - दिमागमा स्थायी क्षति ।

  यी समस्याहरु यति विरलै हुने गरेका छन् कि यस्ता समस्याहरु खोपका कारणले गर्दा उत्पन्न भएका हुन भनेर भन्न मुस्किल छ ।

---

जुनसुकै कारणले आघात भएको भए पनि त्यस अवस्थामा त्यस्ता केटाकेटीलाई ज्वरो आउन नदिनका लागि नियन्त्रणको उपाय अपनाउनु निकै महत्वपूर्ण हुन आउछ । परिवारका अरु कुनै सदस्यलाई नै आघात भएको भए पनि यस्तो काम गर्नु त्यतिकै महत्वपूर्ण हुन आउछ । सुइ लगाइ दिने वित्तिकै र त्यस पछि पनि 24 घण्टा भित्र प्याकेजमा दिइएका निर्देशनहरु वमोजिम तपाईले वच्चालाई एसपिरिन नभएको *पीडाहरण औषधि (एस्पिरिन फ्रि पेन रिलिभर)* दिएर उसको ज्वरो र पीडालाई कम गराउनु सक्नुहन्छ ।

## 6 मध्यम वा गम्भिर समस्या भएमा के गर्ने ?

### मैले कुन कुराहरुको बिचार गर्नु पर्दछ ?

कुनै किसिमको असामान्य अवस्थाहरु जस्तो एलर्जी भै गम्भीर खालको प्रतिक्रिया हुने, उच्च ज्वरो आउने वा असामान्य व्यवहार गर्ने । कुनै पनि खोपवाट एलर्जी भएर गम्भीर खालको प्रतिकिया हुने कुरा अति नै विरलै हुने गर्दछ । यदि यस्तो हुने भएमा नै पनि सुई लगाएको केही मिनेट वा केही घण्टा भित्र हुन सक्दछ । यस्तो लक्षणहरुमा सास फर्न गाहारो हुने, स्वरमा धोत्रोपन आउने वा घ्यार घ्यार हुने, चिलाउने खालका डावरहरु निस्कने, पहेलो हुने, कमजोर हुने, छिटो छिटो मुटु चल्ने वा चक्करहरु लाग्ने जस्ता कुाहरु पर्दछन् । यदि ज्वरो आउने वा आघात हुने भएमा अक्सर गरेर सुइ लगाए पछि एक हप्ता भित्र त्यस्तो हुने गर्दछ ।

### मैले के गर्नं पर्छ ?

- चिकित्सकलाई **फोन गर्ने** वा विरामीलाई तुरुन्तै चिकित्सक काहाँ लिएर जाने ।
- चिकित्सकलाई के भएको, भएको समय र मिति तथा खोप लिएको समय पनि **बताउने** ।
- भ्याक्सिन एडभर्स इभेन्ट रिपोर्टिङ सिस्टम (Vaccine Adverse Event Reporting System, VAERS) फाराम भरेर प्रतिक्रियाको जाहेरी दर्ज गरी दिनका लागि आफ्नो चिकित्सक, नर्स वा स्वास्थ्य विभागलाई **भन्नुहोस** ।

  अथवा तपाई आफैले पनि VAERS को वेवसाइट **www.vaers.hhs.gov** मार्फत वा नं. **1-800-822-7967** मा फोन गरेर यो जाहेरी दिन सक्नुहुन्छ ।

  *VAERS ले स्वास्थ्य सम्बन्धी कुरामा सुझाव दिदैन ।*

## 7 खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम

तपाई वा तपाईको वच्चालाई र अरुहरुलाई विरलै हुने गरेको गम्भीर खालको प्रतिक्रिया भएर क्षति पुगेमा, क्षति पुगेका व्यक्तिलाई सहयोग गर्ने हेतुले निजको उपचारमा लागेको रकम तिर्नका लागि एउटा संघीय कार्यक्रमको तर्जुमा भएको छ ।

खोपवाट हुने चोटपटकको लागि क्षतिपूर्ति गर्ने सम्वन्धी राष्ट्रिय कार्यक्रम (National Vaccine Injury Compensation Program) को वारेमा विस्तृत जानकारी लिन नं. **1-800-338-2382** मा फोन गर्नुहोस वा उक्त कार्यक्रमको वेवसाइट **www.hrsa.gov/vaccinecompensation** हेर्नुहोस ।

## 8 मैले अन्य कुराहरु कसरी सिक्ने ?

- आफ्नो स्वास्थ्य उपचार प्रदायकलाई सोध्नुहोस । उनीहरुले भित्र खामिएको भ्याक्सिन प्याकेज दिन सक्दछन् अथवा सूचनाका अन्य श्रोतहरुका वारेमा सुझाव दिन सक्दछन् ।
- आफ्नो स्थानीय वा राज्यको स्वास्थ्य विभागको खोप कार्यक्रम (इम्युनाइजेशन प्रोग्राम) लाई फोन गर्नुहोस । 1-888-767-4687
- रोग नियन्त्रण तथा निवारण केन्द्र (CDC) मा सम्पर्क गर्ने :
  - नं. **1-800-232-4636 (1-800-CDC-INFO)** मा फोन गर्नुहोस ।
  - राष्ट्रिय खोप कार्यक्रम (National Immunization Program) को निम्न वेवसाइट प्रयोग हेर्नुहोस : **www.cdc.gov/vaccines**

U.S. DEPARTMENT OF HEALTH & HUMAN SERVICES
Centers for Disease Control and Prevention

DCH-0469NE
AUTH: P.H.S., Act 42, Sect. 2126.

Vaccine Information Statement
DTaP NP - Nepali (5/17/07) 42 U.S.C. § 300aa-26
Translated by Transcend Translations, Davis, CA www.transcend.net

मेडिकल रेख–देख प्रदाता(प्रदाताहरू) लाई एकदम ठिक प्रतिरक्षण स्थिति जानकारीलाई अनुमति दिनको लागि, एउटा प्रतिरक्षण मूल्याङ्न, र भविष्यको प्रतिरक्षणको कार्यक्रम, संबंधि जानकारी मिषिगन केअर सुधार रजिष्ट्रीलाई पठाइनेछ। ब्यक्तिहरूलाई यो प्रार्थना गर्ने अधिकार छ कि उनीहरूको मेडिकल रेख–देख प्रदाताहरूले प्रतिरक्षा संबंधी जानकारी रजिष्ट्रीमा अगाडि न पठाऊन्। प्रतिरक्षा